# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np

## २० औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०८/२६ गते)**

यस वित्तीय संस्थाको मिति २०७८ मंसिर २४ गते बसेको सञ्चालक समितिको ४२८ औं बैठकको निर्णयानुसार संस्थाको बिसौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थान

(१) मिति : २०७८ पौष १८ गते (2nd January 2022) आइतबार

(२) समय : बिहान ११:०० बजे

(३) स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) यस वित्तीय संस्थाको आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को १.३१५७८९४७४ प्रतिशतले हुने नगद लाभांश रु. १,६४,६७,५१२/९२ बोनस शेयरको कर प्रयोजनको लागि वितरण गर्न समितिको प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चालु आ.व. २०७७/७८ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. १,२५,१५,३०,९८२/०८ को २५ प्रतिशतले हुने रु. ३१,२८,८२,७४५/५२ बराबरको बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(२) यस वित्तीय संस्थाको प्रबन्धपत्रमा व्यवस्था भएको जारी र चुक्ता पुँजी क्रमशः रु. १,२५,१५,३०,९८२/०८ र रु. १,२५,१५,३०,९८२/०८ मा माथि विशेष प्रस्ताव नं (१) अनुसार वृद्धि गरी जारी र चुक्ता पुँजी क्रमशः रु. १,५६,४४,१३,७२७/६० र रु. १,५६,४४,१३,७२७/६० कायम गर्ने र सोही बमोजिम मिलान गर्न प्रबन्धपत्रको दफा ५ मा संशोधन गर्ने ।

(३) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) मिति २०७८/०४/२२ गतेका दिन का.जि.का.म.न.पा. वडा नं. ३२, सुविधानगर, तीनकुने काठमाडौंबाट का.जि.का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौं स्थित नेपाल औषधि लिमिटेड बबरमहलको परिसरमा रहेको भवनमा स्थानान्तरण गरिएकोले यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ को उपदफा (१) र नियमावलीको नियम २ उपनियम (१) मा सोही बमोजिम हुने गरी ठेगाना संशोधन गर्ने ।

(४) नियमावलीको नियम २९ (सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था) को उपनियम (१) खण्ड (ख) र उपनियम (१) खण्ड (ग) को भाग (अ) संशोधन गर्ने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,

**कम्पनी सचिव,**

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

## वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभा तथा बोनस शेयरको प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताब मिति २०७८/९/५ देखि २०७८/९/१८ गते सम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८/९/४ गते सम्म कारोबार भई शेयर धनी दर्ता किताबमा कायम शेयर धनीहरुले यो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन् ।

(२) विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले नेपाल सरकारबाट जारी गरिएको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सञ्चालन गर्नुपर्ने भएको हुँदा कोभिड-१९ को संक्रमणबाट आफू बच्न र अरुलाई पनि बचाउन सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभामा उपस्थितिका लागि सम्पूर्ण शेयर धनी महानुभावहरूलाई हार्दिक अनुरोध छ ।

(३) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कथंकदाचित सो सम्भव नभए शेयर धनी प्रमाणपत्र वा डिम्याट नं. र परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षभित्र प्रवेश गर्न पाईने छैन । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयर धनी महानुभावहरु सभा स्थलमा आउँदा यथासक्य झोला लगायतका वस्तुहरु नलिई आउनु हुन अनुरोध छ। आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन समेत अनुरोध गरिएको छ ।

(४) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको वेभ साईट www.skbbl.com.np मा समेत उपलब्ध छ । साथै यस सम्बन्धी विवरणहरु संस्थाको केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं तथा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौं आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(५) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिईनेछ ।

(६) विविध शीर्षक अन्तरगत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयर धनी महानुभावहरुले सभा हुनुभन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन । प्रतिनिधि पत्र (प्रोक्सी) प्राप्त गर्ने व्यक्ति संस्थाको शेयर धनी हुनु पर्ने छ ।

(७) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तीमा ३ (तीन) दिन अर्थात ७२ घण्टा अगावै शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाडौंमा तोकिएको समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एकै शेयर धनीले एक भन्दा बढि प्रतिनिधिपत्र (प्रोक्सी) दिएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस् भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्रसाथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयर धनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) दिई पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भएता पनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफनो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधि पत्र (प्रोक्सी) दिन पाईने छैन ।

(८) नाबालक वा विक्षिप्त अवस्थाका शेयर धनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछ । तर संरक्षकले आफू संरक्षक रहेको शेयर धनीको बाहेक अन्य शेयर धनीको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

(९) प्रतिनिधि (प्रोक्सी) मुकरर गरिसक्नु भएका शेयर धनी आफैं सभामा उपस्थित भई हाँजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।

(१०) संयुक्त नाममा शेयर खरिद गरिएको अवस्थामा सर्वसम्मतिबाट प्रतिनिधि मुकर्रर गरिएको व्यक्तिले अथवा शेयर धनीहरुको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र मताधिकार प्रयोग गर्न सक्नेछ ।

(११) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस वित्तीय सस्थाको शेयर खरीद गरेको अवस्थामा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही त्यस्तो संगठित संस्थाको आधिकारीक पदाधिकारीले खटाएको वा मनोनित गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन, सञ्चालक उमेद्वारी दिन र मतदान गर्न पाउनेछ।

(१२) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजेदेखि खुला रहनेछ।

(१३) यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, बबरमहल काठमाडौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

(१४) कोभिड-१९ को महामारी वा स्वास्थ्य सम्बन्धी मापदण्डका कारण यो साधारण सभा भौतिक उपस्थितिमा आयोजना गर्न नसकिने अवस्था सिर्जना भएमा भर्चुअल माध्यमबाट साधारणसभा आयोजना हुनेछ र तत्सम्बन्धी आवश्यक सूचना छुट्टै प्रकाशित गरिनेछ।

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव,**

# कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संक्षिप्त वार्षिक आर्थिक विवरण

आदरणीय शेयरधनी महानुभावहरू, यस साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को २० औं वार्षिक साधारण सभाको प्रयोजनार्थ यस लघुवित्त वित्तीय संस्थाको आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरू र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरू समेत उल्लेख गरी सञ्चालक समितिको निर्णयानुसार देहायको संक्षिप्त वार्षिक आर्थिक विवरण प्रकाशन गरिएको छ ।

## (क) वित्तीय संस्थाको कारोवार तथा वित्तीय स्थिति

मुलुकको समग्र आर्थिक परिवेशमा भएको विकास र लघुवित्त क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुँदा हुँदै पनि यो वित्तीय संस्था लघुवित्तको सेवा विस्तार गर्दै वित्तीय स्थितिमा उल्लेखनीय सुधार गर्न सफल भएको छ । यस वित्तीय संस्थाले आ.व. २०७७/७८ मा ६६,४५९ थप विपन्न तथा साना किसान परिवारमा सेवा विस्तार गरी कुल ८,९४,३९३ परिवारलाई लघुवित्त सेवा पुर्‍याउन सफल भएको छ । अघिल्लो आ.व. सम्म यस वित्तीय संस्थामा कुल ११४६ सहकारीहरू आवद्ध रहेकामा सो संख्या १२३३ पुगेको छ । जसमध्ये ३०९ वटा संस्था नेपाल राष्ट्र बैंकबाट हस्तान्तरित ग्रामीण स्वावलम्बन कोषसँग सम्बन्धित छन् ।

आ.व. २०७६/७७ को अन्तमा कुल लगानीमा रहेको ऋण रकम रु. २१ अर्व ३७ करोड २३ लाख रहेकोमा समीक्षा वर्षमा १४.८१ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रु. २४ अर्व ५३ करोड ७० लाख पुगेको छ । साथै आ.व. २०७६/७७ मा रु. १७ अर्व ३२ करोड ४७ लाख कर्जा लगानी गरेकोमा समीक्षा वर्षमा १७.६९ प्रतिशतले वृद्धि भई रु. २० अर्व ३८ करोड ९७ लाख एवम् कर्जा असूलीमा समीक्षा वर्षमा ४.९७ प्रतिशतले वृद्धि भई कर्जा असूली रु. १७ अर्व २२ करोड ५१ लाख पुगेको छ । विश्वमा फैलिएको कोभिड महामारीका कारण कर्जाको वृद्धिदरमा केही सुस्तता आएको छ ।

आ.व. २०७६/७७ मा कुल सञ्चालन आम्दानी रु. १ अरब १४ करोड ८ लाख रहेकोमा आ.व. २०७७/७८ मा ६.८५ प्रतिशतले वृद्धि भई रु. १ अरब २१ करोड ९० लाख पुगेको छ । साथै आ.व. २०७७/७८ मा खुद मुनाफा रु. ५५ करोड ६२ लाख रहेकोमा आ.व. २०७७/७८ मा १०.११ प्रतिशतले वद्धि भई रु. ६१ करोड २४ लाख पुगेको छ । २०७८ असार मसान्तमा बैंकको सञ्चित नाफा रु. ४९ करोड ५८ लाख रहेको थियो । सञ्चालक समितिबाट साधारणसभा समक्ष आ.व.२०७७/७८ को खुद मुनाफाको जगेडा तथा कोष व्यवस्था पश्चात मध्येबाट रु. ३१,२८,८२,७४५/५२ (अक्षरेपी एकतीस करोड अट्ठाइस लाख बयासी हजार सात सय पैंतालिस रुपैया, बाउन्न पैसा मात्र) बराबरको बोनस शेयर र रु. १,६४,६७,५१२/९२ (अक्षेरेपी एक करोड चौंसाठी लाख सत्सठ्ठी हजार पाँच सय बाह्र रुपैंया, बयान्नब्बे पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) वितरणका लागि प्रस्ताव गरिएको छ । लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर सञ्चालक समितिबाट प्रत्युत्तर पठाए पश्चात मिति २०७८/८/८ मा प्राप्त यस संस्थाको लेखापरीक्षण प्रतिवेदन अनुसारको वित्तीय विवरणको सारांश तालिका-१, २ र ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१ वासलात**

| क्रसं | विवरण | २०७८/३/३१ | २०७७/३/३१ | वृद्धि/(ह्रास) | २०७८/६/३१ |
|---|---|---|---|---|---|
| १ | शेयर पुँजी | १,५६,४४,१३,७२७.६० | १,२५,०२,८६,७८२.०८ | २५.१२% | १,२५,१५,३०,९८२.०८ |
| २ | जगेडा तथा कोषहरु | १,९५,९२,४५,१८६.४८ | १,६९,२४,४५,९०३.७९ | १५.७६% | २,४९,५७,४०,८७०.८४ |
| ३ | ऋणपत्र तथा बन्ड | - | - | - | - |
| ४ | तिर्न बाँकी कर्जा सापट | २०,३१,६७,९३,६९४.९१ | १९,३७,४२,४३,०८२.८५ | ४.८६% | २१,४०,८६,२१,४६१.९६ |
| ५ | निक्षेप दायित्व | - | - | - | - |
| ६ | प्रस्तावित नगद लाभाँश | १,६४,६७,५१२.९२ | १,३१,६०,९१३.५० | २५.१२% | - |
| ७ | आयकर दायित्व | - | - | - | ५,८६,६७,३३१.१५ |
| ८ | अन्य दायित्व | २,२६,३०,७५,५७८.७३ | २,०५,०८,४६,३७३.०१ | १०.३५% | २,१९,४४,२५,१२२.२२ |
| **कुल पुँजी तथा दायित्व** | | **२६,११,९९,९५,७००.६४** | **२४,३८,०९,८३,०५५.२३** | | **२७,४०,८९,८५,७६८.२५** |
| १ | नगद मौज्दात | - | - | - | - |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १२,३९,६०,०४६.३७ | १२,१३,८०,५२६.३७ | २.१३% | १२,३९,६०,०४६.३७ |
| ३ | बैक/वित्तीय संस्थामा रहेको मौज्जात | २६,११,६७,४४३.१३ | १५,१७,०४,९२७.५२ | ७२.१५% | ४०,०१,९७,१०६.५४ |
| ४ | माग तथा अल्प सुचनामा प्राप्त हुने | १,५९,७७,८२,४३४.६९ | २,२९,६९,३४,८२८.५० | -३०.४४% | ४३,७३,४८,६०१.६९ |
| ५ | लगानी | १३,६८,४९,२००.०० | ८९,११,७१,२००.०० | -८४.६४% | १,९५,४१,२४,७००.०० |
| ६ | कर्जा सापट [ख] | २३,८८,२४,४५,६२२.२१ | २०,८२,३४,८०,६७१.६९ | १४.६९% | २४,३४,९७,९९,०७६.९५ |
| ७ | स्थीर सम्पत्ति | २,४२,२०,८२०.०६ | १,९०,५८,२४७.९२ | २७.०९% | ३,१०,७२,२५३.६० |
| ८ | गैर बैकिङ्ग सम्पत्ति | - | - | - | - |
| ९ | अन्य सम्पत्ति | ९,३५,७०,१३४.१८ | ७,७२,५२,६५३.२३ | २१.१२% | ११,२४,८३,९८३.१० |
| **कुल सम्पत्ति** | | **२६,११,९९,९५,७००.६४** | **२४,३८,०९,८३,०५५.२३** | **७.१३%** | **२७,४०,८९,८५,७६८.२५** |

*क. आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण ।*

*ख. सम्भावित नोक्सानी व्यवस्था घटाई खुदमा प्रस्तुत गरिएको ।*

**तालिका-२ नाफा नोक्सान हिसाब**

| विवरण | २०७८/३/३१ | २०७७/३/३१ | वृद्धि/(ह्रास) | २०७८/६/३१ |
|---|---|---|---|---|
| १. ब्याज आम्दानी | १,८९,०५,५२,८७८.७५ | २,२६,४७,४७,२२९.१५ | -१६.५२% | ४८,४९,७७,९१७.१३ |
| २. ब्याज खर्च | ६७,१८,११,७१६.८३ | १,१२,४५,४३,४५२.७८ | -४०.२६% | १८,५७,६३,५३२.७८ |
| **खुद ब्याज आम्दानी** | **१,२१,८७,४१,१६१.९२** | **१,१४,०२,०३,७७६.३७** | **६.८९%** | **२९,९२,१४,३८४.३५** |
| ३. कमिसन तथा अन्य सञ्चालन आम्दानी | २,७७,९५४.३५ | ६,६१,७१०.५४ | -५७.९९% | १२,९१४.२१ |
| ४. सटही घटवढ आम्दानी | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **१,२१,९०,१९,११६.२७** | **१,१४,०८,६५,४८६.९१** | **६.८५%** | **२९,९२,२७,२९८.५६** |
| ५. कर्मचारी खर्च | ८,०१,३०,११५.८८ | ८,२३,०८,७१९.४७ | -२.६५% | १,९४,५६,८४४.०० |
| ६. अन्य सञ्चालन खर्च | ५,५७,५४,६१२.९२ | ५,२७,०३,५८१.३४ | ५.७९% | ९७,११,०८६.७१ |
| ७. सटही घटवढ नोक्सान | - | - | - | - |
| **सम्भावित नोक्सानी अघिको सञ्चालन मुनाफा** | **१,०८,३१,३४,३८७.४७** | **१,००,५८,५३,१८६.१०** | **७.६८%** | **२७,००,५९,३६७.८५** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरू | ३१,५७,७३,००४.७० | १६,३४,५१,८७६.३५ | ९३.१९% | ५,९२,१५,३५९.२० |
| **सञ्चालन मुनाफा** | **७६,७३,६१,३८२.७७** | **८४,२४,०१,३०९.७५** | **-८.९१%** | **२१,०८,४४,००८.६५** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | १२,९५,८१५.२९ | १२,०१,१६५.५८ | ७.८८% | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २१,००,५७,०११.२० | ३,९९,१८,१९४.३८ | ४२६.२२% | ५,१७,०७,२८३.६९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **९७,८७,१४,२०९.२६** | **८८,३५,२०,६६९.७१** | **१०.७७%** | **२६,२५,५१,२९२.३४** |
| ११. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | - | - | - | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **९७,८७,१४,२०९.२६** | **८८,३५,२०,६६९.७१** | **१०.७७%** | **२६,२५,५१,२९२.३४** |
| १२. कर्मचारी वोनस व्यवस्था | ९,७८,७१,४२०.९३ | ८,८३,५२,०६६.९७ | १०.७७% | २,६२,५५,१२९.२३ |
| १३. आयकर व्यवस्था | २६,८४,०२,५८७.६४ | २३,८९,५०,७४८.२४ | १२.३३% | ७,०८,८८,८४८.९३ |
| यस वर्षको कर व्यवस्था | २६,७०,३४,२५२.८१ | २४,२६,०६,०७५.०४ | १०.०७% | - |
| विगत वर्षसम्मको कर व्यवस्था | ३३,७१,९०९.६९ | - | - | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | -२०,०३,५७४.८६ | -३६,५५,३२६.८० | -४५.१९% | - |
| **खुद नाफा/नोक्सान** | **६१,२४,४०,२००.६९** | **५५,६२,१७,८५४.५०** | **१०.११%** | **१६,५४,०७,३१४.१८** |

*क. आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिको अपरिष्कृत विवरण।*

तालिका-३ मा महत्वपूर्ण वित्तीय सूचकहरू प्रस्तुत गरिएको छ।

**तालिका-३ केही महत्वपूर्ण वित्तीय सूचकहरू**

| क्रसं | विवरण | सूचकाङ्क | आ.व.२०७७/७८ | आ.व.२०७६/७७ |
|---|---|---|---|---|
| १ | खुद नाफा/कुल आम्दानी प्रतिशत | प्रतिशत | ३२.३९ | २४.५५ |
| २ | प्रति शेयर आम्दानी | रु. | ४८.९४ | ४४.४९ |
| ३ | व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | ७.७५ | १०.०३ |
| ४ | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ७.१३ | ५.७८ |
| ५ | कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ३.०७ | ५.५७ |
| ६ | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १२२.१४ | १०७.३४ |
| ७ | खुद नाफा/कुल सम्पत्ति | अनुपात | २.३४ | २.२८ |
| ८ | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ४.३ | ५.८४ |
| ९ | बुक नेटवर्थ (प्रति शेयर) | रु. | २२५.२४ | २३५.३६ |

## चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिको प्रगति

आ.व.२०७७/७८ को असोज मसान्तमा आयकर र वोनस व्यवस्था पछिको नाफा रु. १४ करोड ३० हजार रहेकोमा चालु आ.व. २०७८/७९ को असोज मसान्तमा रु. १६ करोड ५४ लाख हुन गएको छ। २०७७ को असोजमा खुद कर्जा तथा सापट रु. १८ अर्ब ७९ करोड ७० लाख रहेकोमा २०७८ साल असोज मसान्त सम्ममा रु. २४ अर्ब ३४ करोड ९७ लाख पुगेको छ। २०७७ असोजमा कुल निष्क्रिय कर्जाको ०.९९ प्रतिशत रहेकोमा २०७८ साल असोज मसान्तमा ०.६६ प्रतिशत भएको छ। चालु आर्थिक वर्षको असोज मसान्तसम्मको आर्थिक विवरण तालिका-१ र २ मा समावेश छ।

## (ख) भविष्यका योजनाहरू

यस वित्तीय संस्थाको भविष्यका योजनाहरू निम्नानुसार रहेका छन् :-

(१) लघुवित्त सेवा नपुगेका र अपर्याप्त रहेका क्षेत्रहरूमा वित्तीय सेवा विस्तारका लागि क्रमशः कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

(२) लघुवित्त सेवाबाट बञ्चित वर्ग आदिवासी, मधेसी, दलित, जनजाती, सुकुम्वासी र खास गरी विपन्न ग्रामीण महिलाको लघुवित्त सेवामा पहुँच बढाउन अनुसरण कार्यक्रम तथा व्यवसाय विस्तारका उपयुक्त नमुनाहरूलाई प्रभावकारी रुपमा विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

(३) नेपाल सरकारको ऋण सहयोगमा सञ्चालित मासुजन्य र दुग्ध पदार्थ उत्पादनका लागि पशुपालन कर्जा तथा तरकारी खेती कर्जा कार्यक्रमलाई अझ प्रभावकारी बनाई विस्तार गरिनेछ ।

(४) समृद्धि परियोजना अन्तरगत प्रदेश नं. १ र प्रदेश नं. २ का सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ ।

(५) सिप परियोजना अन्तर्गत यस वित्तीय संस्थाका इलाका कार्यालयहरू बर्दिबास, बुटवल र नेपालगञ्जको कार्यक्षेत्र भित्रका १०१ वटा साझेदार संस्थाहरूको सदस्य परिवारबाट वैदेशिक रोजगारीमा जाने वा वैदेशिक रोजगारबाट फर्कीसकेका युवाहरूको सीप विकास गरी उद्यमशील कर्जामा पहुँच बढाइनेछ ।

(६) यस वित्तीय संस्थाको नेतृत्वमा विपन्न तथा साना किसानहरूलाई कृषि मूल्यश्रृङ्खलाका विविध पक्षहरूमा सहभागी गराई सहकारी मार्फत ग्रामीण उद्यम स्थापना गराउन एसियाली विकास बैंक तथा विभिन्न सहयोगी निकायहरूसँगको समन्वयमा सञ्चालित ग्रामीण उद्यम कर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

(७) वित्तीय संस्थाको उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने र सहयोग आदान प्रदान हुन सक्ने सम्भाव्य राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरू पहिचान गरी सहकार्यको लाभ लिने वातावरण मिलाईनेछ ।

(८) प्रभावकारी अनुगमन र निरीक्षण व्यवस्थाबाट ग्राहक संस्थाहरूमा सुशासनको अवस्था सुदृढ गराईनेछ ।

(९) संस्थाको वित्तीय स्वास्थ्य तथा ग्रामीण विकासमा पुऱ्याएको योगदानको आधारमा संस्थामा संलग्न नेतृत्ववर्ग र व्यवस्थापनमा संलग्न कर्मचारीको समेत क्षमता अभिवृद्धि हुने अवसरहरूको खोजी गरिनेछ ।

(१०) विपन्न तथा साना किसानहरूमा वित्तीय सेवाको सहज पहुँच विस्तार गर्न एवम् पारदर्शी र प्रभावकारी सेवाका लागि सुदृढ सूचना प्रविधिको स्थापना र उपयुक्त मोबाईल बैंकिङ्गको सम्भावना खोजी गरिनेछ ।

(११) कर्जाको गुणस्तरलाई निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै वित्तीय संस्थाको मुनाफामा वृद्धि गरी शेयरधनीहरूलाई यथोचित प्रतिफल उपलव्ध गराइनेछ ।

(१२) कृषिको रुपान्तरण तथा उद्यमशील संस्कृतीको विकासमा सघाउ पुऱ्याउन साना किसान सहकारी संस्थाहरूमा सफल कार्यक्रमहरू अनुसरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

(१३) विगतदेखि अनुसरण कार्यक्रमबाट स्थापना भई सञ्चालनमा रहेका परिपक्व सहकारी संस्थाहरूलाई मापदण्डको आधारमा वित्तीय संस्थासँगको कारोबारमा आवद्ध गराउँदै लगिनेछ ।

(१४) वित्तीय र व्यावसायिक रुपमा सक्षम भइसकेको साना किसान सदस्यहरूको व्यावसायिक आवश्यकतानुरुप अन्य बैंक तथा वित्तीय संस्थाहरूसँग समेत सहकार्य हुन सक्ने गरी "साना किसानहरूको स्तरोन्नती" नीति तर्जुमा गरी लागु गरिनेछ ।

(१५) वित्तीय संस्थाले स्वीकृत गरेको खरिद गुरुयोजनालाई आधारमानी वित्तीय संस्थाको केन्द्रीय कार्यालय भवन प्रयोजनका लागि जग्गा वा घरजग्गा खरिद गर्ने प्रकृया अघि बढाईनेछ ।

(१६) कृषिको रूपान्तरणमा युवाहरूको योगदान थप प्रभावकारी बनाउन साना किसान परिवारका युवाहरूलाई इजरायलको आधुनिक कृषि प्रविधि सिक्न पठाईदै आएको Learn and Earn Program लाई निरन्तरता दिन प्रयास गरिनेछ ।

(१७) प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनासँग समन्वय गरी उपयुक्त क्षेत्रहरूमा धान, गहुँ, आँप, केरा, चिया, तरकारी, आलु, तेलहन, दलहन, पशुपालन र माछा आदि जस्ता कृषि उपजमा व्यावसायिक रुपमा केन्द्रित हुने गरी पकेट परियोजना सञ्चालन गर्न सहकार्यको प्रयास गरिनेछ ।

(१८) प्रदेश सरकारहरूसँग सहकार्य गरी सुलभ कर्जा पहुँचका लागि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

## (ग) लेखापरीक्षकको मन्तव्य

वित्तिय संस्थाको असार मसान्त २०७८ को वासलात, उक्त मितिमा सम्पन्न आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरूमा लेखापरीक्षकबाट नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन अनुसार यथार्थपरक रहेको राय सहितको प्रतिवेदन रहेको छ ।

## (घ) संक्षिप्त वार्षिक आर्थिक विवरणमा उल्लेख गर्नु पर्ने अन्य कुरा :

- संक्षिप्त वार्षिक आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो ।
- माथि उल्लेखित संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र प्रचलित नियमानुसार तयार पारिएको छ ।
- लेखापरीक्षकले लेखापरीक्षण क्रममा कम्पनीको कारोबार सम्बद्ध बाहेक अन्य कैफियतहरू उल्लेख नगरेको ।
- कम्पनीको लेखा तथा लेखा सम्बन्धी विवरणहरू पूर्ण रहेको, कम्पनीको लेखा सम्बन्धी अभिलेखको विवरणसँग दुरुस्त रहेको र लेखापरीक्षकले माग गरे बमोजिमको आवश्यक सूचना, स्पष्टिकरण एवम् विवरणहरू उपलब्ध गराईएको व्यहोरा प्रतिवेदनमा उल्लेख भएको ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
साविकको नाम : साना किसान विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**